सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

CURRENT ACCOUNT • 2337087445300018

PRABHU BANK

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक २२ ♦ २०८३ साल कार्तिक १२ विहिवार ♦ 29 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## पोखरीबाट निकालिएको फोहोर बस्ती बिचमै जलाइँदा स्थानीयलाई सास्ती

**खबर दर्पण समाचारदाता**

**कार्तिक ११ गते, बर्दिवास**

लामो समयदेखि फोहोर फाल्ने स्थलका रूपमा प्रयोग हुँदै आएको जनकपुरधाम उपमहानगरपालिका-३ स्थित देवान पोखरीबाट निकालिएको फोहोर आसपासमै जलाउन थालिएपछि स्थानीयवासीले सास्ती भोग्नुपरेको छ ।

पोखरीको सरसफाइ तथा सौन्दर्यीकरणका लागि निकालिएको फोहोरको उचित व्यवस्थापन नगरी बस्ती नजिकै जलाउँदा निस्कने धुवाँले स्थानीयको जनजीवन प्रभावित भएको हो । घना बस्तीको बीचमा रहेको पोखरी आसपास फोहोर जलाउँदा दुर्गन्ध फैलिनुका साथै श्वासप्रश्वासमा समेत समस्या हुने गरेको स्थानीयवासीले बताएका छन् ।

जनकपुरधाम उपमहानगर पालिका-३ को जानकी टोलमा रहेको देवान पोखरी वरपर बाक्लो बस्ती छ । पोखरी सफा गर्ने क्रममा निकालिएको फोहोर सुरक्षित स्थानमा व्यवस्थापन गर्नुपर्नेमा बस्ती नजिकै जलाउन थालिएपछि सरसफाइबाट राहत पाउने अपेक्षा गरेका स्थानीय थप समस्यामा परेका छन् ।

स्थानीय भगवान झाले पोखरी सफा गर्ने नाममा फोहोर निकालिए पनि त्यसको उचित व्यवस्थापन हुन नसकेको बताउनुभयो । उहाँका अनुसार विगतमा पनि पोखरीको सरसफाइ गरिँदै आएको दाबी गरिए पनि अहिले पुनः ठूलो परि माणमा फोहोर निकाल्नुपर्ने अवस्थाले सरसफाइको प्रभावकारितामाथि प्रश्न उठाएको छ ।

उहाँले पोखरी लामो समयदेखि फोहोर फाल्ने स्थलका रूपमा प्रयोग हुँदै आएको उल्लेख गर्दै यसको संरक्षण तथा व्यवस्थापनमा उपमहानगर पालिका र वडा कार्यालयले प्रभावकारी कदम चाल्न नसकेको गुनासो गर्नुभयो ।

"जनकपुरधामको प्रमुख समस्यामध्ये फोहोर व्यवस्थापन र पोखरी अतिक्रमण पनि हुन् । तर, यहाँ सफाइका नाममा स्थानीयले नै सास्ती भोग्नुपरेको छ । फोहोरलाई बस्तीभन्दा टाढा लगेर उचित तरिकाले व्यवस्थापन गर्नुपर्छ," उहाँले भन्नुभयो ।

पोखरीको डिलबाट करिब २० फिटको दूरीमा घर रहेका ज्येष्ठ नागरिक सुदर्शनलाल कर्णले फोहोर जलाउँदा निस्कने धुवाँले श्वासप्रश्वासमा समस्या हुने गरेको बताउनुभयो । बस्तीको बीचमा फोहोर जलाउने कार्य उचित नभएको उहाँको भनाइ छ ।

"घरनजिकै फोहोर जलाउँदा निस्कने धुवाँले निकै समस्या भएको छ । बस्तीको बीचमा यसरी फोहोर जलाउनु उचित होइन," उहाँले भन्नुभयो ।

विसं २०७२ मा जनकपुर क्षेत्र विकास परिषद्ले अतिक्रमित पोखरी खाली गराउने क्रममा देवान पोखरी आसपासका संर चना हटाएको थियो । त्यसबेला पोखरीको संरक्षण र व्यवस्थापन हुने अपेक्षा गरिएको भए पनि हालसम्म पोखरी व्यवस्थित हुन नसकेको स्थानीयको गुनासो छ । उनीहरूका अनुसार पोखरी संरक्षणको सट्टा लामो समयसम्म फोहोर फाल्ने स्थलका रूपमा प्रयोग हुँदा यसको अस्तित्व र वातावरण दुवैमा असर परेको छ ।



पोखरीको संरक्षण र सौन्दर्यीकरणका लागि सञ्चालन गरिएको आयोजनाले स्थानीयलाई राहत दिनुपर्नेमा फोहोरको अव्यवस्थित व्यवस्थापनका कारण थप समस्या सिर्जना भएको उनीहरूको भनाइ छ । पोखरीबाट निकालिएको फोहोर बस्तीबाट टाढा लगेर उचित व्यवस्थापन गर्नुपर्ने र सर सफाइका क्रममा स्थानीयको स्वास्थ्य तथा वातावरणलाई प्राथमिकता दिनुपर्ने माग उनीहरूले गरेका छन् ।

देवान पोखरीको सौन्दर्यीकरणका लागि जनकपुरधाम उपमहानगर पालिकाले मूल्य अभिवृद्धि कर (भ्याट) बाहेक एक करोड ६९ लाख ३८ हजार १२० रुपियाँ लागतको आयोजना सञ्चालन गरेको छ । विसं २०८४ जेठ ३१ गतेसम्म सम्पन्न गर्ने लक्ष्यसहित गत जेठमा सम्झौता भएको उक्त आयोजनाको काम सुरु भएको पाँच महिना बितिसक्दा पनि पोखरीबाट फोहोर निकाल्ने कार्यसमेत पूर्ण रूपमा सम्पन्न नभएको स्थानीयवासीको भनाइ छ ।

पोखरीको सरसफाइ तथा सौन्दर्यीकरणको काम समयमै सम्पन्न गरी निकालिएको फोहोर को उचित व्यवस्थापन गर्नुपर्ने स्थानीयको माग छ । पोखरी संरक्षणका लागि सञ्चालन गरिएको आयोजना प्रभावकारी बनाउन सम्बन्धित निकायले फोहोर व्यवस्थापन र स्थानीयको स्वास्थ्य सुरक्षामा समेत ध्यान दिनुपर्ने देखिन्छ ।

## विजयादशमीका दिन घरबाट निस्किएका सात वर्षीय साकेत अझै बेपत्ता

**खबर दर्पण समाचारदाता**

**कार्तिक ११ गते, बर्दिवास**

विजयादशमीको दिन घरबाट निस्किएका ७ वर्षीय साकेत अझै बेपत्ताधनुषाको नगराइन नगरपालिका-७ देवडिहाका सात वर्षीय बालक साकेत झा एक सातादेखि बेपत्ता छन् ।

दशैँको खुसीयाली मनाइरहेको परिवारमा विजयादशमीकै दिनदेखि बज्रपात परेको छ । घरबाट निस्किएका साकेत अहिलेसम्म फेला नपर्दा परिवारजन चिन्ता र पीडामा छन् ।

स्थानीय अजय झाका छोरा साकेत गत कार्तिक ४ गते विजयादशमीको दिन घरबाट निस्किएका थिए । त्यसपछि उनी कहाँ गए र के अवस्थामा छन् भन्नेबारे अहिलेसम्म कुनै जानकारी प्राप्त हुन सकेको छैन ।

दशैँजस्तो पारिवारिक जमघट र खुसीको अवसरमा घरबाट निस्किएका बालक लामो समयसम्म सम्पर्कविहीन भएपछि परिवारजनको व्याकुलता बढ्दै गएको छ ।

आफन्त र परिवारका सदस्यले निरन्तर खोजी गरिरहेका छन् । तर, बालकको अवस्थाबारे कुनै सुराक नपाउँदा उनीहरू निर ाश बनेका छन् ।

बालकको खोजीमा प्रहरीसमेत सक्रिय छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार प्रहरीले आसपासका गाउँबस्ती, पोखरी तथा झाडीहरूमा खोजी गरिसकेको छ । परिवारजन र प्रहरीको निरन्तर प्रयासका बाबजुद साकेतको अवस्था अझै अज्ञात छ ।

सामान्यतः बालबालिकाको हाँसो र चहलपहलले भरिने घर मा आफ्नो सन्तानको प्रतीक्षामा बसेका अभिभावकका लागि बित्ने प्रत्येक घण्टा पीडादायी बनेको छ । बालक कहाँ छन् भन्ने प्रश्नले परिवारलाई बेचैन बनाइरहेको छ ।

साकेतको खोजीमा थप सहयोग र सतर्कता आवश्यक देखिएको छ । बालकबारे कुनै जानकारी प्राप्त भएमा सम्बन्धित प्रहरी कार्यालय वा परिवारलाई जानकारी गराउन सकिनेछ । साकेत सकुशल भेटिऊन् र परि वारमा फेरि खुसी फर्कियोस् भन्ने कामना



# जनकपुरधामका ५ वटा पोखरी नक्साबाटै गायब, ठडिए महल



खबर दर्पण समाचारदाता

**असोज ११ गते, बर्दिवास**

मधेस प्रदेशको राजधानी जनकपुरधाम ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले नेपालकै महत्वपूर्ण सहर हो । हिन्दु धर्मावलम्बीहरूको आस्थाको केन्द्र माता सीताको जन्मभूमिका रूपमा विश्वभर प्रसिद्धि पाएको यो सहरमा हरेक वर्ष हजारौं स्वदेशी तथा विदेशी धार्मिक पर्यटक आउने गर्छन् ।

नगरको मध्य भागमा रहेको जानकी मन्दिर यो सहरको मुख्य आकर्षणको केन्द्रविन्दुमा पर्छ । यो मन्दिरमा दर्शन तथा पूजापाठका लागि दैनिक हजारौं भक्तालुको ताँती नै लाग्ने गरेको छ । त्यतिमात्र होइन, जानकी मन्दिरसँगै राम मन्दिर , विवाह मण्डप, संकटमोचन लगायतका धार्मिक स्थलहरूमा पुगेर पूजाआजा गर्ने गर्छन् ।

'५२ कुटी ७२ कुण्ड' को उपमा पाएको यो सहरभित्र विभिन्न मठ-मन्दिरसँगै यहाँ रहेको अर्को विशेषता पोखरी (सरोवर) ले पनि जनकपुरको पहिचान स्थापित गरेको छ ।

जनकपुरधाम-८ का स्थानीय र मेशदास वैष्णवले जानकी मन्दिर सँगै मठमन्दिर र सरोवर नहुँदा जनकपुरधामको महत्त्व हुन नसक्ने बताए । सम्बन्धित निकायले यसको संरक्षण गर्नुपर्ने भए पनि त्यसतर्फ ध्यान नपुग्दा पोखरीहरू लोप हुने अवस्थामा पुगेको उनको भनाइ छ ।

मठमन्दिर, कुटीका जग्गाहरू महन्थहरूले बेचेर खाएको उनले आरोप लगाए । स्थानीय प्रशासन या गुठी संस्थानबाट यस्तो गलत कार्य रोक्न उल्लेखनीय पहल नहुँदा अहिलेको अवस्था आएको उनको बुझाइ छ ।

अहिले जनकपुरमा '५२ कुटी ७२ कुण्ड' इतिहासमै सीमित भएको छ । यहाँ रहेका आधा दर्जन पोखरी लोप भइसकेका छन् । ती लोप भएका पोखरीमाथि अहिले ठूला-ठूला भवन ठड्याइएका छन् ।

जनकपुरधाममा अहिले गुठी संस्थानका ४९ वटा पोखरी छन् । तीमध्ये ५ वटा पौराणिक पोखरीहरू नक्साबाट गायब भइसकेका छन् । ती लोप भएका पोखरीहरू भएको स्थानमा व्यावसायिक प्रतिष्ठान, होटल, अस्पतालदेखि बस्तीसमेत बसिसकेको छ ।

गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन २०६२ ले जनकपुरमा रहेका पोखरीमध्ये ५ वटा जनक सरोवर, अमृत कुण्ड, पयश्विनी सर, बलदेव सर तथा गोपाल सर पोखरीहरू पूर्णरूपमा लोप भइसकेको औंल्याइसकेको छ ।

तत्कालीन समयमा पोखरीहरूको संरक्षण गर्ने जिम्मा पाएको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष रामकुमार शर्माले २०७१ सालमा केही कार्य अगाडि बढाए पनि त्यसमा अवरोध सिर्जना हुँदा त्यसले निरन्तरता पाउन सकेन ।

तर अहिले फेरि बालेन्द्र शाह नेतृत्वको सरकार आएपछि यो अभियानलाई पुनः अगाडि बढाइएको छ । त्यो अभियानको पहिलो सुरुवातस्वरूप ७ वटा पोखरी र त्यसको डिल अतिक्रमण गरी बनाइएका घर टहरा भत्काइएका छन् ।

दोस्रो चरणका लागि १५ वटा पोखरीको डिल स्वस्फूर्त खाली गर्न ७ दिनको सूचना दिए पनि निर्धारण गरेको समय बितिसकेर खाली गराउने क्रममा जनकपुर उपमहानगरले सहयोग नगर्दा यो अभियान पनि अलपत्र अवस्थामा पुग्ने हो कि भन्ने धेरैले अड्कल काटिरहेका छन् ।

केन्द्रीय गुठी संस्थान तथा गठित समितिका प्रवक्ता जनक पोखरेलले दोस्रो चरणमा १५ वटा पोखरीको डिल अतिक्रमण हटाउने सबै तयारी भए पनि प्राविधिक कारणले रोकिएको बताए ।

उनले भने, 'हामीले सूचनाको म्याद समाप्तलगत्तै सबै तयारी गरिसकेका थियौं, तर पोखरी डिलमा बस्ने स्थानीयवासीले केही समय दिनुस्, हामी आफैं भत्काउँछौं भनेर अनुरोध गर्दा यो प्रक्रिया केही लम्बिन गएको हो ।'

यता जनकपुर उपमहानगर पालिकाका मेयर मनोजकुमार साह गुठी संस्थानले आफूसँग जुन समन्वय गर्नुपर्ने हो, त्यो नगर्दा केही समस्या आएको बताउँछन् ।

यो ऐतिहासिक क्षेत्रमा सरोवर को महत्त्व मिथिलाका राजा जनकको दरबारदेखि भगवान् राम र सीताको विवाहका हरेक प्रसंगसँग यहाँ रहेका कुटी, मठमन्दिरसँगै पोखरीहरू पनि प्राथमिकताका साथ जोडिन्छन् । तर त्यही पोखरीहरू कतिपय लोप भएका छन् भने कतिपय लोपोन्मुख अवस्थामा पुग्न थालेका छन् ।

त्यस्तै लोप हुने अवस्थामा पुगेका पोखरीहरूमध्ये एउटा पोखरी जनकपुरको वडा नम्बर ३ मा रहेको देवान पोखरी हो ।

सहरको बीचमा रहेको यो पोखरी संरक्षणमा ध्यान नदिँदा यो नगर क्षेत्रकै डम्पिङ साइट हो कि भन्ने आभास हुन सक्छ । पोखरीको डिल अतिक्रमण गरेर घरटहरा निर्माण त गरिएकै छ, तर यो पोखरीको चारैतिरको फोहोरको डुङ्गुरले यसको वास्तविक चित्रण गर्छ । पोखरीको चारैतिर कुनै यस्तो भाग छैन, जहाँ फोहोर नहोस् । यसको संरक्षणमा केही समय चासो नदिइएको भए यो पोखरी पनि लोप भइसकेको अवस्थामा दर्ज हुन्थ्यो ।

पोखरी नै लोप हुने अवस्थासम्म पुगेपछि अहिले यसको सौन्दर्यीकरणको काम अगाडि बढेको छ । सौन्दर्यीकरणको काममा पोखरीमा रहेको थोरै पानी हटाएर भित्र सफा गर्ने क्रममा चारैतिर थुप्रिएको फोहोर मैलाले देखाउँछ कि स्थानीयवासी र व्यापारिक निकायको फोहोर विसर्जन गर्ने यही स्थान थियो कि खुट्याउन कसैलाई कुनै सकस हुँदैन । पोखरीमा पानी कम र फोहोर को मात्रा उच्च रहेको त्यसै अड्कल काट्न सकिन्छ ।

जनकपुर उपमहानगरपालिकाले अहिले यसको संरक्षणमा चासो देखाउँदै सौन्दर्यीकरणको काम अगाडि बढाएको छ । नगरस्तरीय योजनामार्फत अगाडि बढाइएको सौन्दर्यीकरणको कामको ठेक्का सुशान्त-सावन जेभी जनकपुर-१५ ले पाएको छ ।

यही पोखरी रहेको गल्लीमा मोबाइल मर्मत केन्द्र सञ्चालन गरेका एक व्यवसायीले नाम उल्लेख नगर्ने सर्तमा भने, 'पोखरीको सौन्दर्यीकरणको काम अगाडि बढेको छ, तर अहिले पनि राति त्यही वरपर फोहोर फाल्ने गरिएको छ । अनि कसरी होला त पोखरी सौन्दर्यीकरण ?'

उनका अनुसार नगरवासीमा आफू र नगर पनि सफासुग्घर राख्नुपर्छ भन्ने विवेक नआएसम्म यो सहर सफा होला भन्ने लाग्दैन ।

पोखरी सौन्दर्यीकरणका लागि भ्याटबाहेक २ करोड ३७ लाख ६५ हजार ७ सय ४४ रुपैयाँ कुल लागत तोकिएको छ भने भ्याटबाहेक १ करोड ६९ लाख ३८ हजार १ सय २० रुपैयाँको लागत रहेको छ ।

आयोजनाको सम्झौता मिति २०८३ जेठ १८ गतेबाट काम सुरु गरेर यो आर्थिक वर्षको अन्तिम २०८४ जेठ ३१ मा सम्पन्न गर्नुपर्ने उल्लेख छ । आयोजना सम्झौता भएको करिब ४ महिना बित्न थालेको छ । तर पोखरीमा भइरहेको पुनर्निर्माणको कामले यो पनि तोकिएको समयमा सम्पन्न होला भन्नेमा स्थानीयवासी शङ्कित बन्न थालेका छन् ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

खबर दर्पण
राष्ट्रिय दैनिक



# छठ पर्व नजिकै गर्दा महोत्तरीका किसान सख्खर उत्पादनमा व्यस्त





धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**कार्तिक ११ गते, महोत्तरी**

छठ पर्व नजिकिएसँगै महोत्तरीका उखु किसानलाई सख्खर बनाउन र बिक्री गर्न भ्याइनभ्याइ भएको छ। छठमा चढाइने प्रसाद तथा विभिन्न मिष्ठान्न परिकार बनाउन सख्खरको प्रयोग हुने भएकाले बजारमा यसको माग र मूल्य दुवै बढेको हो।

मधेसमा दसैँ सकिएसँगै तिहार र छठको चहलपहल बढेको छ। छठ पर्वमा सख्खरबाट खीर, ठेकुवा, भुसुवालगायतका परिकार बनाइने भएकाले यसको माग उच्च हुने गरेको छ। स्थानीय जातको उखुबाट घरेलु प्रविधिमा उत्पादन गरिने सख्खरको लोकप्रियता पनि बढ्दै गएको स्थानीय उत्पादकहरू बताउँछन्।

गौशाला नगरपालिका-४, सुर्तिविकास चोकका सख्खर उत्पादक सुरेन्द्र साहका अनुसार छठका बेला घरघरमा सख्खर आवश्यक पर्ने भएकाले वर्षकै सबैभन्दा बढी माग र मूल्य यही समयमा हुने गर्छ। पछिल्ला वर्षमा किसान चिनी मिलको विकल्पका रूपमा सख्खर उत्पादनतर्फ आकर्षित हुँदै गएका छन्।

गौशाला नगरपालिका-११, कालिपुरका किसान रामकिशोर महतो र गौशाला-४ का देवनारायण साहले चिनी मिलबाट समयमै उखु काट्ने पुर्जी र भुक्तानी नपाइने समस्याका कारण उखु पेलेर सख्खर बनाउन थालेको बताउनुभयो। उखु काटेर सख्खर बनाउँदा बिक्रीबाट तत्काल नगद आम्दानी हुने र त्यसपछि खेतमा अर्को बाली लगाउनसमेत सहज हुने उहाँहरूको भनाइ छ।

हाल महोत्तरीको गौशाला, बर्दिबास, भङ्गाहा, औरही र सोनमा लगायतका क्षेत्रमा उखु पेल्ने उपकरण सञ्चालनमा छन्। गौशाला क्षेत्रमा मात्रै करिब आधा दर्जन सख्खर उत्पादन उद्योग सञ्चालनमा रहेका छन्। छठअघि नै उत्पादन बजारमा पुऱ्याउन सके राम्रो मूल्य पाइने भएकाले किसानले उत्पादन बढाएका छन्।

सख्खर बनाउने कारीगर मोहम्मद जुमराति अन्सारीका अनुसार एक क्विन्टल सख्खर उत्पादन गर्न करिब आठदेखि १० क्विन्टल उखु आवश्यक पर्छ। पूर्ण रूपमा छिप्पिएको उखुबाट नौ क्विन्टलमा एक क्विन्टल सख्खर बन्ने भए पनि हाल उखु केही कलिलो रहेकाले १० क्विन्टलसम्म उखु लागिरहेको उहाँले बताउनुभयो।

सख्खर उत्पादनमा संलग्न श्यामकिशोर महराका अनुसार सामान्य अवस्थामा प्रतिकिलो करिब ८० रुपैयाँमा बिक्री हुने सख्खर छठका बेला गुणस्तर अनुसार प्रतिकिलो १०० देखि १५० रुपैयाँसम्ममा बिक्री हुने गरेको छ।

किसानका अनुसार खेतबाट उखु काटेर ल्याएपछि कोल्हु वा क्रसर मेसिनमा पेलेर रस निकालिन्छ। निकालिएको रसलाई प्राकृतिक पदार्थको प्रयोग गरी सफा गरि सकेपछि ठूला फलामका कर ाहीमा राखेर बाक्लो नहुन्जेल उमालिन्छ। बाक्लो भएको र सलाई चिस्याएर जम्ने अवस्थामा पुऱ्याएपछि विभिन्न आकारका ठोस सख्खर तयार गरी बजार मा बिक्रीका लागि पठाइन्छ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!**

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

**गौशाला नगरपालिका**

**महोत्तरी**

सूचना ! सूचना !!! सूचना !!!

**नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, महोत्तरी



# मधेशमा सामाजिक रूपान्तरणका लागि सातदिने युवा शिविर सुरु




**खबर दर्पण समाचारदाता**
**कार्तिक ११ गते, बर्दिवास**

मधेश प्रदेशमा शिक्षा, स्वास्थ्य, कृषि, जातीय तथा लैङ्गिक विभेद र वातावरणीय सङ्कटजस्ता सामाजिक समस्याका मूल कारण पहिचान गरी परिवर्तनको पहल गर्ने उद्देश्यले सातदिने आवासीय शिविर सुरु भएको छ ।

'मधेशमा सामाजिक रूपान्तरणका लागि शिविर' नाम दिइएको उक्त शिविर सोमबार देखि धनुषाको लालगढमा सुरु भएको हो। कात्तिक ९ देखि १५ गतेसम्म सञ्चालन हुने शिविरमा मधेश प्रदेशका आठवटै जिल्लाका २६ जना युवा सहभागी छन् ।

शिक्षा नीति तथा अभ्यास केन्द्र (CEPP) र खाद्यका लागि कृषि अभियानको संयुक्त आयोजनामा सुरु भएको शिविरमा महोत्तरी युवा सञ्जाल (MaNY), एभरेस्ट मेमोरियल युथ क्लब, सिरहा (EMYC) र डिग्निटी इनिसिएटिभ्स (DI) सहकार्य संस्थाका रूपमा रहेका छन् ।

शिविरले समाजमा देखिने समस्याको सतही पहिचानमा मात्र सीमित नभई तिनका मूल कारण, सामाजिक संरचना र असमानताका जरा पहिल्याउँदै स्थानीयस्तरबाट सामाजिक तथा वातावरणीय न्यायका लागि पहल गर्न युवालाई सक्षम बनाउने लक्ष्य राखेको छ ।

महोत्तरी युवा सञ्जालका अध्यक्ष रविन्द्रकुमार महतोका अनुसार शिविरले युवालाई आफ्नै समाज र समुदायलाई आलोचनात्मक दृष्टिले बुझ्न, स्थापित मान्यता तथा अभ्यासमाथि प्रश्न गर्न र सिकाइलाई व्यवहारमा रूपान्तरण गर्दै परिवर्तनको पहल गर्न प्रेरित गर्नेछ ।

शिविरमा सामाजिक संरचना, जातीय तथा लैङ्गिक विभेद, सामाजिक असमानता, वातावरण र विकासका अवधारणालगायत विषयमा छलफल तथा व्यावहारिक अभ्यास गरिने आयोजकले जनाएका छन् । समस्यालाई देखिएको अवस्थाका आधारमा मात्र नहेरी त्यसका पछाडि रहेका कारण, प्रभाव र सामाजिक संरचनाबीचको सम्बन्ध पहिचान गर्न सहभागीलाई प्रोत्साहित गरिनेछ ।

त्यस्तै, धार्मिक तथा सामाजिक मान्यता, सञ्चारमाध्यमबाट प्रवाह हुने सूचना र विकाससम्बन्धी प्रचलित धारणालाई तथ्यका आधारमा विश्लेषण गर्ने अभ्यास पनि गरइनेछ। कुनै कुरा कसले भन्यो, त्यसको प्रमाण के छ र त्यसबाट कसलाई फाइदा पुग्छ भन्ने प्रश्नमार्फत सहभागीको आलोचनात्मक सोच र विश्लेषण क्षमता विकास गर्ने लक्ष्य राखिएको छ ।

## शिक्षा, स्वास्थ्य र कृषिका चुनौतीमा छलफल

शिविरमा मधेशको सामाजिक रूपान्तरणसँग प्रत्यक्ष सम्बन्ध राख्ने शिक्षा, सार्वजनिक स्वास्थ्य र कृषि क्षेत्रका चुनौतीलाई विशेष प्राथमिकता दिइएको छ ।

शिक्षासम्बन्धी सत्रमा सार्वजनिक शिक्षाको अवस्था, विद्यालयमा पहुँच तथा गुणस्तरका चुनौती र विशेषगरी छात्रा, दलित तथा आर्थिक रूपमा कमजोर परिवारका बालबालिकाले शिक्षामा भोग्नुपर्ने कठिनाइबारे छलफल हुनेछ। शिक्षालाई प्रमाणपत्र प्राप्त गर्ने माध्यमका रूपमा मात्र नभई समान अवसर, चेतना र सामाजिक परिवर्तनको आधारका रूपमा बुझ्ने प्रयास गरिनेछ ।

स्वास्थ्यसम्बन्धी सत्रमा पोषण, शारीरिक तथा मानसिक स्वास्थ्य र सार्वजनिक स्वास्थ्य सेवामा नागरिकको पहुँचका विषय समेटिनेछन् । स्वास्थ्य समस्यालाई व्यक्तिगत व्यवहारमा मात्र सीमित नराखी आर्थिक अवस्था, सामाजिक विभेद, जनचेतना र सार्वजनिक सेवाको उपलब्धतासँग जोडेर विश्लेषण गरिनेछ ।

कृषि तथा खाद्य सुरक्षासम्बन्धी सत्रमा माटो र पानीको अवस्था, रासायनिक विषादीको प्रयोग, दिगो खेती प्रणाली तथा खाद्य उत्पादनका चुनौतीमाथि छलफल हुनेछ । कृषकको जीविकोपार्जन, वातावरण संरक्षण र खाद्य सुरक्षाबीचको सम्बन्ध पहिचान गर्दै स्थानीयस्तरमा अपनाउन सकिने विकल्पबारे सहभागीले अनुभव आदानप्रदान गर्नेछन् ।

शिक्षा, स्वास्थ्य र कृषिलाई छुट्टाछुट्टै क्षेत्रका रूपमा मात्र नहेरी राज्यको भूमिका, सार्वजनिक सेवा र सामाजिक संरचनासँग जोडेर बुझ्ने अभ्याससमेत शिविरको महत्त्वपूर्ण पक्ष रहने आयोजकले जनाएका छन् ।

## वातावरणीय न्यायमा जोड

मधेशले सामना गरिरहेका वातावरणीय समस्यालाई पनि शिविरमा प्राथमिकताका साथ समेटिएको छ । जलवायु परिवर्तन, तराईमा बढ्दो पानीको अभाव तथा खडेरी, चुरे क्षेत्रका वातावरणीय चुनौती र जलवायुजन्य विपद्का विषयमा छलफल गरिनेछ ।

वातावरणीय सङ्कटले कृषि, जनस्वास्थ्य, जीविकोपार्जन र स्थानीय समुदायको जीवनमा पार्ने प्रभाव विश्लेषण गर्दै प्राकृतिक स्रोतको उपयोग र विकासका गतिविधिलाई दिगो तथा न्यायपूर्ण बनाउने उपायबारे सहभागीले विचार राख्नेछन् ।

यसका साथै रोजगारी, बजार, पुँजी, उपभोगको शैली, समयको उपयोग र मानवीय सम्बन्धले व्यक्ति तथा समाजमा पार्ने प्रभावबारे आत्मचिन्तन गर्ने अवसर पनि शिविरमा उपलब्ध गराइनेछ ।

## सिकाइलाई व्यवहारमा रूपान्तरण गर्ने लक्ष्य

सातदिने शिविरलाई सैद्धान्तिक छलफलमा मात्र सीमित नराखी व्यावहारिक अभ्यास र सामूहिक सिकाइमा आधारित बनाइएको छ। सहभागीले स्वयंसेवा, टिपोट लेखन, कथाकथन, सार्वजनिक प्रस्तुति, भावना व्यवस्थापन तथा स्थानीय जनप्रतिनिधि र सार्वजनिक पदाधिकारीसँग प्रश्न गर्ने सीपको अभ्यास गर्नेछन् ।

शिविरको अन्तिम दिन सिरहामा शिक्षा, स्वास्थ्य तथा कृषिका क्षेत्रमा काम गरिरहेका व्यक्ति र स्थानीय सरोकारवालासँग अन्तरक्रिया गर्ने कार्यक्रम रहेको छ। यसबाट सहभागीले स्थानीय अनुभवबाट सिक्ने, समुदायका वास्तविक चुनौती बुझ्ने र आफ्नो सिकाइलाई व्यवहारसँग जोड्ने अवसर पाउनेछन् ।

शिविरको अन्तिम चरणमा प्रत्येक सहभागीले आफ्नो व्यक्तिगत जीवन, परिवार, साथी समूह तथा सार्वजनिक संस्थाको तहमा गर्न सकिने परिवर्तनका काम पहिचान गरी ३० दिन र ९० दिनका कार्ययोजना तयार गर्नेछन्। सहभागीबीच निरन्तर सम्पर्क र सहकार्य कायम राख्न साथी प्रणाली (बडी सिस्टम) तथा पूर्वसहभागी सञ्जालमार्फत सिकाइ र पहललाई निरन्तरता दिने योजना पनि रहेको छ ।

आयोजकका अनुसार शिविरको मुख्य उद्देश्य युवालाई नयाँ ज्ञान दिएर मात्र फर्काउनु नभई आफ्नै समुदायमा सामाजिक तथा वातावरणीय न्यायका लागि कम्तीमा एउटा ठोस काम सुरु गर्ने प्रतिबद्धतासहित तयार पार्नु हो । स्थानीय समस्याका मूल कारण पहिचान गरी सामूहिक प्रयासमार्फत समाधानको पहल गर्ने संस्कार विकास गर्न सके सामाजिक रूपान्तरणको प्रक्रिया समुदायबाटै अघि बढ्न सक्ने विश्वास आयोजकले व्यक्त गरेका छन् ।

## मोटर साइकल हरायो

मिति २०८३/०३/३१ गते बा.प्र. ०४५ ८८१६ नं को सिल्भर मेटालीक म्याट रङको KTM Duke २०० CC मोटरसाइकल जनकपुरधाम उपमहानगरपालिका ०७ धनुषाबाट हराएको हुदाँ देख्नुहुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा मो.नं ९८१८०११२४८ मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**तपसील**

नामः- हुलास फिनसर्भ हायर पर्चेज लि.
ऋणी :- ज्ञान बहादुर ब्लोन
ठेगानाः- कलंकी १४ , काठमाडौं
इन्जिन नं :- P-936X48593X
च्यासिस नं :- MD 29PCX£XPN019455




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,